# श्री शारदा माध्यमिक विद्यालय
## SHREE SHARADA SECONDARY SCHOOL
माछापुच्छ्रे - १, खहरेटोल, कास्की
Machhapuchchhre-1, Khaharetol, Kaski
स्थापित २०७१(Estd-2014)

प.सं. : ०८३/८४

च.नं. : २०

मिति: २०८३/०५/२२

शिक्षक सरूवाको लागि सूचना।

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८३/०५/२२ गते बसेको बैठकको निर्णय र माछापुच्छ्रे गाउँपालिका शिक्षा शाखाको सहमति अनुसार यस विद्यालयमा रिक्त भएको **निम्न माध्यिमक तह गणित / विज्ञान** विषयको रिक्त शिक्षक दरवन्दीमा स्थायी शिक्षक सरुवा गरी रिक्त पदमा पदपुर्ति गर्ने निर्णय भएकोले सरुवा भई आउन इच्छुक स्थायी शिक्षकहरुलाई शिक्षा नियमावली २०५९ को दशौ संसोधन-२०८३ को प्रावधान अनुसार सरुवा भई आउनको लागि दरखास्त आह्वान गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरु :

१) सरुवाको लागि निवेदन।

२) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

३) आफ्नो सेवा अवधि खुल्ने कागजात।

४) स्थायी र अस्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपी।

(५) शैक्षिक योग्यता र तालिमका प्रमाणित प्रतिलिपीहरु।

६) हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको प्रमाणको कागजात।

(७) कार्यरत विद्यालयको सहमति पत्र।

८) एउटै स्थानिय तह भए सम्वन्धित स्थानीय तह तथा फरक स्थानिय तह भए शिक्षा विकास तथा समन्वय एकाईको सहमति पत्र।

९) असाधारण तथा बेतलवी विदा लिए नलिएको सम्बन्धित कागजात।

१०) शिक्षा नियमावली २०५९ को दशौ संसोधन २०८३ बमोजिम प्रथामिकतामा पर्ने भए दावी गर्ने प्रमाणहरु।

११) शिक्षा नियमावली २०५९ को अनुसुची १७ बमोजिमको फाराम।

१२) दरखास्त दिने अन्तिम मिति २०८३/०५/२२ गते देखी २०८३/०६/०५ गते सम्म विद्यालय समय भित्र।

तोकिएको अवधि भित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ दशौ संसोधन २०८३ को निति नियममा रहेर मूल्यांकन गरी आवश्यक प्रक्रिया आगाडि बढाउने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना विद्यालयको सूचना पाटी, सामाजिक सञ्जाल र सम्बन्धित कार्यालय मार्फत प्रकाशित गरिएको छ।

बोधार्थ :

१) श्री शिक्षा विकास तथा समन्वय इकाई कास्की जानकारी तथा वेवसाइटमा प्रकाशनको लागि।

२) श्री शिक्षा शाखा माछापुच्छ्रे गाउँपालिका जानकारी तथा वेवसाइटमा प्रकाशनको लागि।

(३) श्री माछापुच्छ्रे गाउँपालिका वडा नं. १ को कार्यालय जानकारीको लागि।

नोट : यस रिक्त दरबन्दिमा जिल्लान्तर सरुवा नहुने जानकारी गराइन्छ। सम्पर्क नं. ९८४६०७६८८३, ९८४६०६७८०९, ९८४६०६८८९६,

विद्यालयको इमेलः sharadamavi2014@gmail.com

प्रधानाध्यापक